**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**आदेश**

भवानी शंकर सापकोटाको नातिनी भीमप्रसाद सापकोटाको छोरी, सिन्धुपाल्चोक जिल्ला बाहबिसे न.पा वडा नं.8 स्थायी वतन भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.1 बस्ने अधिवक्ता श्री अनिता **निवेदक**

विरुद्ध

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं---------1
नेपाल सरकार, केन्द्रीय चलचित्र जाँच समिति, काठमाडौं---------------------------1 **विपक्षी**

**079-WO-1428**

**मुद्दाः-उत्प्रेषण समेत।**

नेपालको संविधानको धारा ४६, 1३३(2) र (३) बमोजिम दायर भई यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

1. म निवेदक सार्वजनिक हक र सरोकार रहेको विषयमा आवाज उठाउँदै आइरहेको छु। नेपालका सामाजिक संजाल तथा अनलाइन खबरहरु मध्येमा अनलाइन खबर डटकमले मिति 2080।02।32 गते बिहीबार "विवादित संवाद हटाएपछि आदिपुरुषले पायो नेपालमा प्रदर्शन अनुमति" भन्ने समाचार प्रकाशन भएको थियो। सो समाचार अनुसार आदिपुरुष चलचित्रमा जानकी "भारतकी" छोरी हुन् भन्ने वाक्य रहेको र सो वाक्यमा विपक्षी केन्द्रीय चलचित्र जाँच समितिले आपत्ति जनाउँदै नेपालभर प्रदर्शनमा रोक लगाइएको र भारतीय वितरकले चलचित्रबाट विवादित शब्द "भारतकी" भन्ने हटाएपछि मात्र केन्द्रीय चलचित्र जाँच समितिले मिति 2080।02।31 नेपालभर प्रदर्शनका लागि अनुमति दिएको रहेछ। चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम नेपालमा चलचित्र प्रदर्शन गर्दा नेपाल सरकार केन्द्रीय जाँचपास समितिबाट अनुमति लिनुपर्ने र अनुमति लिँदा विभिन्न नियमहरुको पालन गर्नुपर्ने समेत व्यवस्था गरिएको छ। चलचित्र प्रदर्शन अनुमति दिनका लागि चलचित्रमा नेपालको राष्ट्रियता, सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रहरुसँगको सम्बन्धमा खलल पार्ने, विभिन्न धर्म सम्प्रदाय एवम् जातजातिबीचको सुसम्बन्ध र सद्भावमा नकारात्मक असर पर्ने, सार्वजनिक हित र सरोकार, नैतिकताको प्रतिकूल हुने, व्यक्ति विशेषको मानहानी हुने, अदालतको अवहेलना हुने, लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने एवम् कुनै अपराध गर्न दुरुत्साहन गर्ने जस्ता श्रव्यदृष्य विषयवस्तु समावेश नभएको हुनुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा सो व्यवस्था विपरित नेपालको राष्ट्रिय विभूतिमाथि अतिक्रमण गर्ने, हिन्दू धर्म सम्प्रदायमाथि आघात पुऱ्याउने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा समेत खलल पार्ने किसिमको चलचित्र आदिपुरुषलाई प्रदर्शनमा रोक लगाउनुको सट्टा केन्द्रीय चलचित्र जाँच समितिले चलचित्र प्रदर्शन लागि अनुमति दिने गरी गरेको निर्णय गैरकानूनी र गैरसंवैधानिक छ। आदिपुरुष चलचित्रलाई नेपालमा प्रदर्शन गर्न स्वीकृति प्रदान गर्ने गरी भएको निर्णय तथा त्यससँग सम्बन्धित भए गरेका कामकारबाही समेत तथा जारी गरिएको १३५-०७९।८० नं. को प्रमाणपत्रसमेत उत्प्रेषणले बदर गरी यो चलचित्रलाई

नेपालमा प्रदर्शन नगर्नू नगराउनू तथा भविष्यमा पनि यस किसिमका कुराहरुमा संवेदनशील हुनू भनी विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश जारी गरी पाऊँ र चलचित्रबाट थप अपुरणीय क्षति हुन नदिन नेपालभर आदिपुरुष चलचित्र प्रदर्शन नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने समेत व्यहोराको **निवेदक अधिवक्ता श्री अनिता सापकोटाको निवेदन।**

2. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिनभित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेश समेत जारी गरी पाउन माग गरेतर्फ विचार गर्दा, यसमा दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेश जारी हुने वा नहुने निष्कर्षमा पुग्न मनासिव हुने देखिँदा मिति २०८०।०३।१९ मा छलफल हुने मिति तोकी छलफलमा उपस्थित हुन विपक्षीहरुलाई सूचना दिनू भन्ने समेत व्यहोराको **यस अदालतबाट मिति 2080। 03।12 मा भएको आदेश।**

3. हिन्दी भाषाको चलचित्र आदिपुरुषको जाँचकालागि चलचित्र विकास बोर्डबाट मिति २०८०।०२।२९ गतेको सिफारिस पत्र चलचित्र जाँच समितिमा पेस भएकोमा चलचित्र जाँच समितिले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ बमोजिम मिति २०८०।२।३१ गते चलचित्र जाँच गर्दा विवादित संवाद ''भारतकी'' शब्दलाई हटाउन लगाई सो पश्चात मात्र चलचित्र जाँच पास प्रमाणपत्र दिई हिन्दी भाषाको चलचित्र आदिपुरुषको प्रदर्शनको अनुमति दिएको हो। निवेदकले यस चलचित्र जाँच समितिको के कस्तो काम कारबाही र निर्णयबाट निजको के कस्तो संविधान तथा कानूनी हक अधिकार हनन भएको हो। यस मन्त्रालयलाई किन विपक्षी बनाउनु परेको हो? निवेदनमा कहीँ कतै उल्लेखसम्म गर्न नसकेको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाइएको प्रस्तुत निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको **सञ्चार र सूचना प्रविधि मन्त्रालयको लिखित जवाफ।**

4. हिन्दी भाषाको चलचित्र आदिपुरुषको जाँचका लागि चलचित्र विकास बोर्डबाट मिति २०८०।०२।२९ गतेको सिफारिस पत्र चलचित्र जाँच समितिमा पेस भएकोमा चलचित्र जाँच समितिले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ बमोजिम मिति २०८०।0२।३१ गते चलचित्र जाँच गर्दा विवादित संवाद ''भारतकी'' शब्दलाई हटाउन लगाई सो पश्चात मात्र चलचित्र जाँच पास भएको प्रमाणपत्र दिई हिन्दी भाषाको चलचित्र आदिपुरुषको प्रदर्शनको अनुमति दिएको हो। निवेदकले यस चलचित्र जाँच समितिको के कस्तो काम कारबाही र निर्णयबाट निजको के कस्तो संविधान तथा कानूनी हक अधिकार हनन भएको हो। चलचित्र जाँच समितिलाई किन विपक्षी बनाउनु परेको हो? निवेदनमा कहीँ कतै उल्लेखसम्म गर्न नसकेको अवस्थामा चलचित्र जाँच समितिलाई प्रत्यर्थी बनाई पेस गरेको प्रस्तुत निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको **चलचित्र जाँच समितिको लिखित जवाफ।**

<u>आदेश खण्ड</u>

5. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत निवेदन अन्तरिम आदेश छलफलका लागि पेशी तोकिएको भएतापनि सर्वोच्च अदालत नियमावली, 2074 को नियम 49(4) मा अन्तरिम आदेश जारी गर्न वा नगर्न छलफलका लागि पेस भएको निवेदनका विषयमा लिखित जवाफ परिसकेको र अङ्ग पुगिसकेको देखिएको अवस्थामा अदालतले सो विषयमा अन्तिम सुनुवाइ गर्न सक्नेछ भन्ने व्यवस्था रहेबमोजिम पूर्ण सुनुवाइ हुन बाधा पर्ने देखिएन।

6. सुनुवाईका क्रममा **निवेदकको तर्फबाट** उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु डा. श्री देवबहादुर बोहरा, श्री त्रिलोकबहादुर चन्द, श्री तुलसीराम पोखरेल, श्री ज्ञानेन्द्रराज आरण, श्री डा.शिवकुमार यादव, श्री सुरेश लामिछाने, श्री विक्रम भण्डारी, श्री यज्ञप्रसाद अधिकारी, श्री ज्ञानप्रसाद गजुरेल, श्री राजिव बास्तोला, श्री जनकसिंह साउथ र श्री अनिता सापकोटाले आदिपुरुष हिन्दी चलचित्रमा उल्लेख भएको विवादित वाक्य जानकी ''भारतकी'' छोरी हुन् को ''भारतकी'' शब्दलाई हटाएर नेपालभर प्रदर्शन गर्न अनुमति दिएको रहेछ। भारतमा उक्त चलचित्र प्रदर्शन भइरहेको र सोको Original copy परिवर्तन नहुँदा भारतका जनमानसमा जानकी भारतकै छोरी हुन् भन्ने बुझाइ समेत पर्न जाने हुँदा हाम्रो राष्ट्रिय विभूति जानकीप्रति अपमान भएको छ। त्यस्तै नेपाली चेली जानकीलाई भारतको चेली भनी आदिपुरुष चलचित्रमा व्यक्त भएको भनाइबाट नेपालको सार्वभौमसत्तामा असर पुग्नुका साथै राष्ट्रिय हित तथा प्रचलित संविधानको मर्म र भावना विपरितको कार्य भएकाले केन्द्रीय चलचित्र जाँच समितिले आदिपुरुष प्रदर्शनको अनुमति दिएको प्रमाणपत्र उत्प्रेषणको आदेशले खारेज गरी पाऊँ

साथै तत् पश्चात नेपालको धार्मिक मूल्यमान्यता, नारी अस्मिता र स्वाभिमानमा असर पर्ने गरी निर्माण भएका अन्य चलचित्रसमेत प्रदर्शनमा रोक लगाउन आवश्यक निर्देशनात्मक आदेश समेत जारी गरी पाऊँ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

7. **विपक्षीहरुका तर्फबाट** उपस्थित् विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले भारतीय चलचित्र आदिपुरुषमा भएको विवादास्पद विषय झिकेरमात्र चलचित्र प्रदर्शन गर्न अनुमति दिएको र सो चलचित्र प्रदर्शन भइसकेकाले यस निवेदनको औचित्य समाप्त समेत भइसकेकाले प्रस्तुत निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

8. उल्लेखित निवेदन तथा लिखित जवाफ, निवेदकका तर्फका विद्वान् कानून व्यवसायी र विपक्षीका तर्फबाट विद्वान् सहन्यायाधिवक्ताले गर्नु भएको बहस बुँदा एवम् मिसिलसंलग्न कागजातहरू अध्ययन गरी हेर्दा निवेदकको निवेदन मागदावी बमोजिम उत्प्रेषणसहितको अन्य आदेश जारी हुने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

9. निर्णयतर्फ विचार गर्दा, नेपालमा प्रदर्शनमा आएको आदिपुरुष चलचित्रमा ''जानकी भारतकी छोरी हुन्'' भन्ने वाक्य रहेकोमा केन्द्रीय चलचित्र जाँच समितिले सो विवादास्पद विषय हटाएर मात्र चलचित्र प्रदर्शन गर्न अनुमति दिने गरी भएको निर्णय गैरकानूनी, गैरसंवैधानिक र राष्ट्रहित प्रतिकूल रहेकाले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी उक्त चलचित्र नेपालमा प्रदर्शन नगर्नू नगराउनू र भविष्यमा यस किसिमका संवेदनशील विषयहरुमा आवश्यक सतर्कता अपनाउनू भनी निर्देशनात्मक आदेश समेत जारी गरी पाऊँ भन्ने मुख्य निवेदन मागदावी रहेको देखिन्छ। हिन्दी भाषाको चलचित्र आदिपुरुषको जाँच गर्दा विवादित संवाद जानकी भारतकी छोरी भन्ने संवाद हटाई आदिपुरुष चलचित्र नेपालमा प्रदर्शन गर्न अनुमति दिएको हो, चलचित्र जाँच समितिसमेतले गरेको कामकारबाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी अधिकारमा हनन नभएको हुँदा प्रस्तुत निवेदन खारेज गरी पाऊँ भनी विपक्षीहरुको तर्फबाट एकै मिलानको छुट्टा छुट्टै लिखित जवाफ पेस भएको देखिन्छ।

10. प्रस्तुत निवेदनको विषय चलचित्रको सेन्सर जाँचसँग सम्बन्धित रहेको र नेपालमा कुनै पनि चलचित्र प्रदर्शन गर्नका लागि इजाजतपत्र दिन उपयुक्त छ वा छैन भन्ने कुरा जाँचबुझ गर्नका लागि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ७ मा **''चलचित्र जाँच समिति गठन गर्न सकिने''** भन्ने कानूनी व्यवस्था रहेको देखियो। सोही व्यवस्था अनुसार केन्द्रीय चलचित्र जाँच समिति गठन समेत भएको र उक्त ऐनको दफा ४(१)(ख) मा सो समितिले ''*कुनै चलचित्र अनुमति दिनु अघि चलचित्रको कुनै भाग काँटछाँट वा हेरफेर गरेर वा कुनै सर्त बन्देजको पालना गरेर मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने*'' व्यवस्था गरेको देखियो।

11. नेपालको संविधानको धारा 5 मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुन् भन्ने उल्लेख गरिएको छ। साथै धारा 48 (क) मा राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु नागरिकको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको छ, त्यसैगरी संविधानको धारा 50 मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई सर्वोपरि राख्ने राज्यको राजनीतिक उद्देश्य रहेको साथै धारा 51 को उपधारा (क) को 1 मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति अन्तर्गत (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने नीति लिइएको छ। संविधानको प्रस्तुत व्यवस्थाले कसैले पनि नेपालीहरुको भावनात्मक एकता, मुलुकको भलाई तथा लाभ, राष्ट्रियता, स्वाधिनता र सार्वभौमसत्तालाई बाधा पर्ने गरी कुनै पनि कार्य गर्न निषेध गरेको देखिन्छ।

12. विदेशमा निर्माण भएको तथा सम्पादन भएको चलचित्र नेपालमा प्रदर्शन गर्न अनुमति लिने दिने सम्बन्धी प्रक्रियालाई हेर्दा, **चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ को उपदफा २ मा** ''*कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको वा विभिन्न वर्ग वा जातिका बीचको सुसम्बन्धमा बिरोध पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्ति विशेषको मान हानी वा अदालतको अवहेलना हुने वा लैङ्गिक हिंसालाई बढावा दिने वा कुनै अपराध गर्न दुरुत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन* '' भन्ने व्यवस्था रहेको देखियो। त्यसैगरी केन्द्रीय चलचित्र जाँच समितिले तयार गरेको चलचित्र जाँचपास सम्बन्धी रुजुसूचीको (ख) मा **जाँचपास गर्नुपर्ने चलचित्रका लागि निवेदकले पालन गर्नुपर्ने नियमहरु**को व्यवस्था भई सोको **बुँदा नं ८** मा ''*जाँचपासका लागि पेस भएको चलचित्रले नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पार्ने, विभिन्न धर्म सम्प्रदाय एवम् जातजातिबीचको सुसम्बन्ध र सद्भावमा नकारात्मक असर पर्ने, सार्वजनिक हित वा नैतिकताको प्रतिकूल हुने, व्यक्तिको विशेष मानहानी*

*हुने, अदालतको अवहेलना हुने, लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने एवम् कुनै अपराध गर्न दुरुत्साहन गर्ने जस्ता श्रव्यदृश्य समावेश नभएको हुनुपर्ने"* भन्ने स्पष्ट व्यवस्था भएको पाइन्छ।

13.**राष्ट्रिय विभूति राष्ट्रको भावना, विश्वास, भरोसा र आस्थामा आधारित छ। यो समाजमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिलाई राष्ट्रबाट दिइने उच्च सम्मान हो। नेपाल सरकारले पनि पटक पटक राष्ट्रका लागि योगदान दिने व्यक्तिहरुलाई राष्ट्रिय पहिचान, राष्ट्रिय एकताको प्रतिक र राष्ट्रिय धरोहर मानी राष्ट्रिय विभूतिका रुपमा घोषणा गर्दै आइरहेको छ।** नेपालको पौराणिक आस्था र विश्वासको धरोहरका साथै नेपाली नारीहरुको आदर्शको प्रतीकको रुपमा समेत मानिदै आएकी सीतालाई वि.सं. 2024 मा राष्ट्रिय विभूति घोषणा गरिएको हो। सीतालाई जानकी, वैदेही जनक नन्दिनी लगायतका धैरै उपनामले चिनिन्छ। नेपालमा जन्मिएकी सीता नेपालकी राष्ट्रिय विभूति हुन् भन्ने तथ्यमासमेत विवाद रहेको छैन। **एक देशको राष्ट्रिय विभूतिलाई अर्को देशको नागरिकका रुपमा उल्लेख गर्दा राष्ट्रहरुबीचको मैत्रीपूर्ण सम्बन्ध तथा ऐतिहासिक, पौराणिक तथा हिन्दू धार्मिक मान्यतामा असर पुग्न जाने देखिन्छ। आफ्नो राष्ट्रिय विभूतिका बारेमा स्वदेश तथा विदेशमा यथार्थ जानकारी फैलाउनु राज्यको दायित्त्वसमेत हुन्छ। नेपालको राष्ट्रिय विभूतिका सम्बन्धमा मित्रराष्ट्र तथा त्यससँग सम्बन्धित निकायले दृश्य सामग्री निर्माण गर्दा तथा प्रदर्शन गर्दा तथ्यपरक र यथार्थ विषय सञ्चार हुन आवश्यक हुन्छ। "आदिपुरुष"** चलचित्रमा रहेका दृश्य सम्बन्धी विषयलाई हेर्दा, जानकी भारतकी छोरी हुन् भन्ने विषय समावेश भएको र सो विषयले आम जनमानसमा भ्रम सृजना गरेको देखियो।

14.नेपालले देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित, राष्ट्रिय सम्मान र प्रतिष्ठाको अभिवृद्धि हुने गरी राष्ट्रहरुसँग सम्बन्ध राखिने नीति लिएको देखिन्छ। यसरी नेपालको नीति, हित, भावना र सम्मानमा आँच आउने गरी राष्ट्रिय विभूति सीतालाई भारतकी छोरी हुन् भनी उल्लेख भएको चलचित्र आदिपुरुष प्रदर्शन गर्न अनुमति दिनु अघि सम्बन्धित निकायले विशेष ख्याल गर्नुपर्ने हुन्छ। नेपाल तथा विदेशमा निर्माण तथा प्रदर्शन गरिने चलचित्रलाई नियमन गर्नका लागि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को निर्माण गरिएको र सोको दफा ८ मा केन्द्रीय चलचित्र जाँच समितिले चलचित्र प्रदर्शनको अनुमति दिनुपूर्व के कस्ता विषयमा ध्यान दिनुपर्दछ भन्ने बारेमा माथि प्रकरण १२ मा उल्लेख भएकै छ। केन्द्रीय चलचित्र जाँच समिति नेपालमा प्रदर्शन गरिने चलचित्रको जाँच परीक्षण गर्ने नेपालको आधिकारिक निकाय भएकोले उक्त समितिले नेपालको संविधान तथा कानूनले तोकेबमोजिम आफ्नो कर्तव्य तथा दायित्त्व पूरा गरी श्रव्य दृश्य सामग्री प्रदर्शन गर्न अनुमति दिनुपर्ने हुन्छ।

15.**चलचित्र मनोरन्जनको साधन मात्र नभई यो समाजको यथार्थ अवस्थालाई झल्काउने माध्यम पनि हो। जसबाट जनमानसमा ज्ञान र सूचना प्रवाह भइरहेको हुन्छ। चलचित्रले व्यक्ति र समाजलाई सकारात्मक दिशामा लैजान अहम् भूमिका खेलेको हुन्छ। यसले मनोरन्जनका माध्यमबाट समाजका विभिन्न सामाजिक, साँस्कृतिक र धार्मिकलगायत विविध आयामहरुलाई प्रस्तुत गरिरहेको हुन्छ। कुनै पनि चलचित्र प्रदर्शन गर्नुअघि यसमा देखाइएका तथ्य र कथाले देशको स्वाभिमान, सार्वजनिक हित र सरोकार, सदाचार वा नैतिकता, धार्मिक आस्था तथा मित्रराष्ट्रसँगको सम्बन्ध लगायतका विविध विषयमा कस्तो प्रभाव पार्छ भन्ने वारेमा पनि चलचित्र निर्माता तथा यसको नियमन गर्ने निकाय सबैले गहन विश्लेषण गर्नु त्यति नै आवश्यक हुन्छ।**

16.राष्ट्रियता र जनभावनामा असर पर्ने खालका विषयवस्तु भएका चलचित्रलाई विभिन्न देशमा प्रदर्शनमा बन्देज गरिएको पाइन्छ। भारतमा देशको सार्वजनिक हित र सामाजिक साँस्कृतिक मूल्यमान्यता तथा कुनै लिङ्ग, क्षेत्र, वर्ण, जातजाति, धर्म, संस्कृति, वर्ग एवम् व्यक्ति विशेषलाई असर पर्ने खालका विषयवस्तु भएका श्रव्य दृश्य सामग्रीहरु पनि प्रदर्शन गर्न रोक लगाएको देखिन्छ। भारतमा चलचित्र प्रर्दशन सम्बन्धलाई नियमन गर्ने उद्देश्यले THE CINEMATOGRAPH ACT, 1952 कार्यान्वयनमा रहेको पाइन्छ। जसको section 5B मा **"Principles for guidance in certifying films उल्लेख भइ सोको** subsection (1) मा *"A film shall not be certified for public exhibition if, in the opinion of the authority competent to grant the certificate, the film or any part of it is against the interests of the sovereignty and integrity of India] the security of the State, friendly relations with foreign States, public order,*

*decency or morality, or involves defamation or contempt of court or is likely to incite the commission of any offence."* भन्ने उल्लेख गर्दै भारतले भारतको सार्वभौमसत्ता र अखण्डता, विदेशी राज्यहरूसँगको मैत्रीपूर्ण सम्बन्ध, सार्वजनिक व्यवस्था, शिष्टता वा नैतिकता, वा मानहानी हुने सम्भावना भएमा त्यस्ता चलचित्रहरु सार्वजनिक प्रदर्शनको लागि प्रमाणित गरिने छैन भनी कानूनी व्यवस्था गरिएको पाइन्छ।

17. भारतको Madras High Court ले **THE CINEMATOGRAPH ACT, 1952** अन्तर्गत गठित Board of Film Certification ले चलचित्र प्रदर्शनी पूर्व बोर्डले निर्वाह गर्नुपर्ने कर्तव्यका बारेमा विभिन्न बुँदामा उल्लेख भएको पाइन्छ।[1] साथै सोही अदालतबाट **"Mein hu Rajnikanth"** चलचित्रमा "Infringement of right of publicity requires no proof of falsity, confusion, or deception, especially when the celebrity is identifiable. On seeing the title of the movie, it could be easily inferred that the public perspective about the film appears to be only with reference to Rajinikanth alone, and not connected with any other person." [2] भन्ने आदेश भएको देखिन्छ। त्यस्तै भारतीय चलचित्र **"The girl with dragoon tattoo"** मा चलचित्रको आधिकारिक पोस्टरले नै नग्नतालाई देखाएको तथा समलैङ्गिक र यौन दृश्यहरु रहेकोले सार्वजनिक अवलोकनका लागि अनुपयुक्त रहेको भनी
च
ल
च
ि
त्
र
म
ा
र
ह
े
क
ो
व
ि
व
ा
द
ि

[1] V.Ramesh vs The Director General Of Police on 13 October, 2014

2 *"Faisal Saif changes title of 'Main Hoon Rajinikanth' film". The Indian Express. 14 October 2014. Archived from the original on 8 January 2015. Retrieved 6 January 2015.*

तविषयलाई हटाएर मात्र चलचित्र प्रदर्शन गर्न अनुमति

द
ि
ए
क
ो
द
े
ख
ि
न
्
छ
।

[3] सोही अदालतबाटै **अन्तर्राष्ट्रिय श्री वैष्णव धर्म संरक्षण समाज वि. सेन्सर बोर्ड र अन्य भएको मुद्दामा** "The movie is a powerful means of communication which attracts larger attention and mass audience. It cannot allow itself to propagate hatred among the people of all walks of life including the religion oriented people. Certain amount of restraint by them is the need of the hour. Though the producers of the films have got freedom of expression, they should see to it that such freedom does not affect the sentiments of the people of any religion of that matter. The unity of the people shall be the most paramount consideration of everybody, more particularly, the persons who produce the films. The responsibility of the producers of the films and T.V. serials is more so since as stated already it attracts larger people. We hope that the film shall not carry anything which wounds any sector of Hindus. We also hope that after seeing the film, the petitioners should feel that their apprehension is without any substance."[4] भनी व्याख्या भएको पाइन्छ। यसरी भारतमा रहेको चलचित्र निर्माण तथा नियमनका सम्बन्धमा रहेको कानूनी व्यवस्था तथा विभिन्न मुद्दाहरुमा अदालतबाट गरिएको व्याख्यासमेतलाई दृष्टिगत गर्दा भारतले पनि यस सम्बन्धमा स्पष्ट मार्गदर्शन गरेको देखिन्छ।

18. बहुसंख्यक नेपाली हिन्दू नारीहरुको आदर्श, राष्ट्रिय गौरवको प्रतिमूर्ति एवम् राष्ट्रिय विभूतिका रुपमा रहेकी सीता "भारतकी छोरी" हुन् भन्ने संवाद रहेको "आदिपुरुष" नामक चलचित्रले नेपालको राष्ट्रियता, हिन्दू धार्मिक मूल्यमान्यता तथा प्रतिष्ठा एवम् भावनालाई विचलित पार्ने देखियो। नेपालमा प्रदर्शन हुने चलचित्र जाँच गर्न गठित केन्द्रीय चलचित्र जाँच समितिले आदिपुरुष चलचित्र नेपालभर प्रदर्शनको अनुमति दिनुपूर्व चलचित्रमा नेपालको राष्ट्रियता, नेपालीहरुको ऐतिहासिक महत्त्व तथा हिन्दू धार्मिक मूल्यमान्यतामा असर पार्ने

---

3 *"India Bans 'Girl With the Dragon Tattoo'". Reuters. 29 January 2012. Archived from the original on 2 March 2014. Retrieved 27 February 2014. accessed on 2024 at 12:50pm*

4 International Sri Vaishnava Dharma Samrakshanaa Society vs. The Censor Board and others,

जानकी “भारतकी चेली हुन्” भन्ने विवादित विषय समावेश गरिएकोमा सो विवादित संवाद हटाएर मिति 2080।02।31 मा आदिपुरुष चलचित्र नेपालभर प्रदर्शनसमेत भइसकेको पाइयो। विवादित संवाद “भारतकी” लाई हटाएर चलचित्र आदिपुरुष प्रदर्शनका लागि अनुमति दिई सो चलचित्र देशभर मिति 2080।02।31 मा प्रदर्शनमा समेत आइसकेको भन्ने व्यहोरा निवेदन व्यहोरा तथा लिखित जवाफसमेतबाट देखिंदा उक्त चलचित्र नेपालमा प्रदर्शन गर्न जारी भएको प्रमाणपत्रलाई हाल आएर उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने देखिएन।

19. निवेदनको तथ्य, लिखित जवाफको बेहोरा, अन्तराष्ट्रिय अभ्यास, संवैधानिक एवम् कानूनी व्यवस्था समेतबाट केन्द्रीय चलचित्र जाँच समितिले चलचित्र जाँच गर्दा विवादित संवाद “भारतकी” भन्ने शब्दलाई हटाउन लगाई आदिपुरुष चलचित्र प्रदर्शन गर्न अनुमति दिएको भने पनि नेपालभित्र प्रदर्शन हुने चलचित्रहरुमा मात्र जानकी भारतकी छोरी हुन् भन्ने अंश हटाइएकोमा अन्य मुलुकमा प्रदर्शन हुने सिनेमाको प्रतिमा जानकी भारतकी छोरी हुन् भन्ने विषय नै रहन गएको अवस्था देखिँदा विपक्षी नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालय तथा केद्रीय चलचित्र जाँच समिति विवादित अंश संसारभर प्रशारण हुन्छ भन्ने विषयमा संवेदनशील भएको भन्ने देखिएन। नेपाल सरकार एवम् संविधान अन्तर्गत नै गठन हुने निकाय समेतले संविधान एवम् देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता तथा मित्रराष्ट्रहरुको सम्बन्ध कायम गर्दा राष्ट्रहित हुने गरी काम कामकारबाही गर्नुपर्ने दायित्व हुने हुँदा यी विपक्षीहरुले आफूलाई संविधान तथा मौजुदा कानूनले तोकिदिएको दायित्व एवम् भूमिका सजकतापूर्वक निर्वाह गरेको पनि देखिएन। यसका बाबजुद पनि प्रस्तुत चलचित्र मिति २०८०।०२।३१ मा प्रदर्शन भइसकेको पाइएको र हाल उक्त निवेदन मागबमोजिम प्रदर्शनमा रोक लगाउनू भनी आदेश जारी गर्न औचित्यपूर्ण नदेखिएको हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

20. परन्तु, चलचित्र निर्माण प्रदर्शन गर्दा आगामी दिनहरुमा पनि विश्वमा विकास भइरहेको सूचना र प्रविधिको विकासको कारण पुनः यस प्रकारको विवाद आउन सक्ने सम्भावनालाई नकार्न सकिन्न। तसर्थ, चलचित्रमा राष्ट्रिय विभूति लगायतका विषय उल्लेख गर्दा सम्बन्धित निकायबाट अग्रीम रुपमा अनुमति लिएर मात्र समावेश गर्ने व्यवस्था मिलाउनू तथा विदेशमा निर्माण भएको चलचित्र नेपालको शान्ति, सुरक्षा, मित्र राष्ट्रसँगको सम्बन्ध, विभिन्न जातजातिबीचको सुसम्बन्ध, धार्मिक तथा साँस्कृतिक मूल्यमान्यतामा आघात पुर्‍याउने, सार्वजनिक हित, सरोकार तथा सदाचार र नैतिकता प्रतिकूलका कार्यलाई बढावा दिने एवम् लैङ्गिक हिंसालाई प्रश्रय दिने प्रकृतिका भए नभएको जाँच गरी चलचित्रको मूल स्रोतमा नसच्चिएसम्म त्यस्ता सामग्री नेपालभित्र प्रदर्शन अनुमति नदिनू साथै, नेपालका मित्रराष्ट्रहरुमा निर्माण हुने तथा नेपाल एवम् विदेशमा प्रदर्शन हुने चलचित्रमा नेपालको विभूतिबारेको दृश्य समावेश गर्दा सो विषयको आधिकारिकता सम्बन्धमा पुष्टि हुने गरी र एकिन विवरण समावेश गरी आवश्यक व्यवस्था मिलाउन हुन नेपाल सरकार, परराष्ट्र मन्त्रालय एवम् नेपाली कुटनीतिक नियोगमार्फत् मित्रराष्ट्रका चलचित्र जाँच सम्बन्धी केन्द्रीय निकायमा आवश्यक समन्वय गर्न नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं तथा केन्द्रीय चलचित्र जाँच समिति, काठमाडौंका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला।

**न्यायाधीश**

**उक्त आदेशमा सहमत छु।**

**न्यायाधीश**

**इजलास अधिकृत: जमुना धिताल (शाखा अधिकृत)**

**विष्णुप्रसाद पौडेल (शाखा अधिकृत)**

**इति सम्वत् 2080 साल मंसिर 25 गते रोज 2 शुभम् ----------------------------------- ।**